# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## वाग्मती गाउँपालिका


मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## वाग्मती गाउँपालिका
### मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## वाग्मती गाउँपालिका

### मकवानपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन ।लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय ....

पत्र संख्याः २०७८।७९
च.नं. १५६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बागमति गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

**कैफियत सहितको राय**

हामीले बागमति गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३ करोड ९२ लाख ६४ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू ८२ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २ करोड ७१ लाख ७७ हजार, नियमित गर्नुपर्ने रू ३ लाख ७ हजार र पेश्की रू ३४ लाख ८६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू ७ करोड ४३ लाख ४४ हजार बेरूजू बाँकी रहेकोमा यस वर्षको बेरूजु रू ३ करोड ९२ लाख ६४ हजार समेत हालसम्मको अद्यावधिक बेरूजू रू ११ करोड ३६ लाख ८ हजार रहेको छ । गाउँपालिकाको **बेरूजू वर्गीकरण र अद्यावधिक बेरूजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रूपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २९ | २९ | ३९२६४ | ० | ० | ० | २९ | २९ | ३९२६४ | ८२९४ | ३०७ | २७१७७ | ० | ० | २७४८४ | ३४८६ |

### १.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | | **प्रतिकृया पेश नभएको** | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ७४३४४ | ० | ० | ७४३४४ | ० | ३९२६४ | ११३६०८ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : वाग्मती गाउँपालिका, मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | झम्क नारायण घलान | २०७९-४-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेश कुमार दास | २०७९-५-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,२६४,१६५.०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,२०,८०,७७७.५५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,८१,९६,००० | **चालु खर्च** | ३०,२१,८५,०६४ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,१०,४७,००० | **पूँजीगत खर्च** | १५,२६,०७,००० |
| **राजश्व बाँडफाँट** | १२,६१,६४,३८५.७ | **वित्तीय/अन्य व्यवस्था** | २,१६,९९,८४८.२७ |
| **आन्तरिक आय** | ८०,०५,२१० | | |
| **अन्य आय** | २,३७,६२,४५९.२७ | | |
| **कुल आय** | ५४,७१,७५,०५४.९७ | **कुल खर्च** | ४७,६४,९१,९१२.२७ |
| **बाँकी मौज्दात** | | १४,२७,६३,९२०.२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **लेखापरीक्षणको सिमाः** उल्लेखित कारोबारको समष्टिगत लेखापरीक्षण योजना, ईकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्वपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्य क्षेत्रको लेखापरीक्षण गर्नु पर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरू लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्ग दर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौल गरेको उच्च स्तरीय जोखिममा आधारित रही कार्यालयबाट स्वीकृत NAMS सफ्टवेयर प्रयोग गरी लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालय प्रमुख, लेखा प्रमुख र जिम्मेवार पदाधिकारी समेतको उपस्थितिमा मिति २०७९।१०।२५ मा छलफल सम्पन्न भएको छ । छलफल पश्चात लेखापरीक्षणबाट देखिएका व्यहोराहरुलाई यस प्रतिवेदनमा बुंदागत रुपमा प्रस्तुत गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छः | |
| २ | | | **परीचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल ३११.७९ वर्ग किलोमिटर, ३०४९५ जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ९ वडा वाट ४९ गाउँसभा सदस्य रहेका छन् । | |
| ३ | | | **संचितकोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।<br>**प्राप्ती भुक्तानी हिसावः आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| प्रासी (क+ख) | ५४,७८,५३,४७१.१५ | ५४,७१,७५,०५४.९७ | ५४,७१,७५,०५४.९७ | ५०,२६,४१,३९३.५२ | ५०,२६,४१,३९३.५२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५२,८४,९६,०००.०० | ५२,३४,१२,५९५.७० | ५२,३४,१२,५९५.७० | ४८,८९,९७,०३१.६४ | ४८,८९,९७,०३१.६४ |
| ११००० कर | १२,३२,८६,०००.०० | १२,६१,६४,३८५.७० | १२,६१,६४,३८५.७० | १०,७०,५०,८८६.८७ | १०,७०,५०,८८६.८७ |
| १३००० अनुदान | ३९,१२,५०,०००.०० | ३८,९२,४३,०००.०० | ३८,९२,४३,०००.०० | ३६,१८,९४,०८०.०० | ३६,१८,९४,०८०.०० |
| संघीय सरकार | ३४,०२,०३,०००.०० | ३३,८१,९६,०००.०० | ३३,८१,९६,०००.०० | ३३,७२,४०,०८०.०० | ३३,७२,४०,०८०.०० |
| प्रदेश सरकार | ५,१०,४७,०००.०० | ५,१०,४७,०००.०० | ५,१०,४७,०००.०० | २,४६,५४,०००.०० | २,४६,५४,०००.०० |
| १४००० अन्य राजस्व | १,३४,६०,०००.०० | ७७,४४,१५०.५८ | ७७,४४,१५०.५८ | १,९६,२७,०६४.७७ | १,९६,२७,०६४.७७ |
| १५००० विविध प्राप्ति | ५,००,०००.०० | २,६१,०५९.४२ | २,६१,०५९.४२ | ४,२५,०००.०० | ४,२५,०००.०० |
| ख. अन्य प्राप्ति | १,९३,५७,४७१.१५ | २,३७,६२,४५९.२७ | २,३७,६२,४५९.२७ | १,३६,४४,३६१.८८ | १,३६,४४,३६१.८८ |
| वितरण गर्न बाकी राजस्व | ० | ७०,६४,५७६.०० | ७०,६४,५७६.०० | ० | ० |
| कोषहरु | १,९३,५७,४७१.१५ | १,५३,६४,९१२.२७ | १,५३,६४,९१२.२७ | ९१,६५,२३८.८८ | ९१,६५,२३८.८८ |
| धरौटी | ० | १३,३२,९७१.०० | १३,३२,९७१.०० | ४४,७९,१२३.०० | ४४,७९,१२३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५८,२९,५३,४७१.१५ | ४७,६४,९१,९१२.९७ | ४७,६४,९१,९१२.९७ | ४९,५४,९८,४५२.१३ | ४९,५४,९८,४५२.१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५६,३५,९६,०००.०० | ४५,४७,९२,०६४.७० | ४५,४७,९२,०६४.७० | ४८,५२,०१,०१७.१३ | ४८,५२,०१,०१७.१३ |
| २१००० पारिश्रमिक / सुविधा | १३,७३,४४,०००.०० | १२,८९,६९,५४०.९० | १२,८९,६९,५४०.९० | १२,०४,७०,५६७.८० | १२,०४,७०,५६७.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३,५९,०६,६५०.०० | ११,११,९०,१५१.३२ | ११,११,९०,१५१.३२ | १३,०३,९६,७१०.०२ | १३,०३,९६,७१०.०२ |
| २५००० सहायता (Subsidy) | १,९६,७५,३५०.०० | १,४९,९३,०९८.०० | १,४९,९३,०९८.०० | ३,८३,०६,५९०.९४ | ३,८३,०६,५९०.९४ |
| २६००० अनुदान | ४,२७,०४,०००.०० | ३,३१,६०,५३३.७३ | ३,३१,६०,५३३.७३ | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,०८,९०,०००.०० | १,०८,७६,८१५.०० | १,०८,७६,८१५.०० | २९,९२,९४७.०० | २९,९२,९४७.०० |
| २८००० अन्य खर्च | ३४,७६,०००.०० | २९,९४,८९८.०० | २९,९४,८९८.०० | १,९२,०७,६८९.०० | १,९२,०७,६८९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २१,३६,००,०००.०० | १५,२६,०७,०२७.७५ | १५,२६,०७,०२७.७५ | १७,३८,२६,५१२.३७ | १७,३८,२६,५१२.३७ |
| घ. अन्य भूक्तानी | १,९३,५७,४७१.१५ | २,१६,९९,८४८.२७ | २,१६,९९,८४८.२७ | ४९,५४,९८,४५२.१३ | ४९,५४,९८,४५२.१३ |
| कोषहरु | १,९३,५७,४७१.१५ | १,८७,२१,०६३.२७ | १,८७,२१,०६३.२७ | ७७,७१,९१०.०० | ७७,७१,९१०.०० |
| धरौटी | ० | २९,७८,७८५.०० | २९,७८,७८५.०० | २५,२५,५२५.०० | २५,२५,५२५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (३,५१,००,०००.००) | ७,०६,८३,१४२.०० | ७,०६,८३,१४२.०० | ७१,४२,९४१.३९ | ७१,४२,९४१.३९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>४,७४,९४,९०३.३७</td><td>४,७४,९४,९०३.३७</td><td>७,२०,८०,७७७.५५</td><td>७,२०,८०,७७७.५५</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(३,५१,००,०००.००)</td><td>११,८१,७८,०४५.३७</td><td>११,८१,७८,०४५.३७</td><td>७,९२,२३,७१८.९४</td><td>७,९२,२३,७१८.९४</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>११,८१,७८,०४५.३७</td><td>११,८१,७८,०४५.३७</td><td>४,६६,३५,५९२.१७</td><td>४,६६,३५,५९२.१७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
संचितकोष कारोबार बाहिरको विवरणः कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको देहाय अनुसारको रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । गाउँपालिकाले समग्र आर्थिक कारोवार समेटीने गरी एकिकृत वित्तीय विवरण तयार गर्नु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>विनियोजित बजेट रकम</th><th>निकासा/ खर्च</th><th>बाँकी बजेट</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम</td><td>१०४१८३९०४</td><td>१०३२७६१८०</td><td>९०७७२४</td></tr>
<tr><td></td><td>कूल जम्मा (क)</td><td>१०४१८३९०४</td><td>१०३२७६१८०</td><td>९०७७२४</td></tr>
<tr><td>२</td><td>प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्दन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम</td><td>२९१९०००</td><td>२३०८२०७</td><td>६१०७९३</td></tr>
<tr><td>३</td><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>८५०००००</td><td>५६०३३९३</td><td>२८९६६०७</td></tr>
<tr><td></td><td>कूल जम्मा (ख)</td><td>११४१९०००।००</td><td>७९११६००।००</td><td>३५०७४००।००</td></tr>
<tr><td></td><td>खुद जम्मा (क+ ख)</td><td>११५६०२९०४।००</td><td>१११९८७७८०।००</td><td>४४१५१२४।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
वित्तिय विवरण<br>
१ विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | राख्नु पर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ।यस गाउँपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।<br>**२ स्वीकृत ढाँचाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धाण गरे वमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाकंन गरेको छ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।यस सम्वन्धमा देखिएका व्यहोरा दफागत रूपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । | |
| ६ | | | **वित्तिय विवरणको विलेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालीकाले प्रत्येक वर्षको साउन एक गते देखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यायको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ।यस सम्वन्धमा देखिएका व्यहोरा देहाय वमोजम छन्।<br>• लेखापरीणका क्रममा पुराना विभिन्न कोषहरू समेत सवै कारोबार सुत्रमा समावेश गरी अद्यावधिक नरहेको कारण स्थानिय तहले पेश गरेको आय व्याय विवरण यथार्थ मान सक्ने अवस्था छैन।<br>• स्थानिय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरूपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलव्ध गराएको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सवै कारोबार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br>• वीत्तिय विवरण तर्फ वर्षान्तको वाँकी रकममा ऋणात्मक रू ३५१०००० देखाएको छ गत वर्ष यस्तो रकम रू ७१४२९४१।३९ रहेको अवस्था भएकोले गत विगत वर्ष देखिनै सुत्रमा हिसाव नमिलेको देखिएको छ ।गाउँपालिकाले सिस्टम मिलाई समायोजन हिसाव पेश गर्नु पर्न देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुत्रको अनुसुचि २४ मा वैंक तथा नगद बाँकिको विवरण तर्फ खाता अनुसार रू ११८१७८०४५।३७ देखाएकोमा वैक अनुसार पनि रू ११८१७८०४५।३७ देखाएको छ । तसर्थ संचित कोषको अवस्था यथार्थ देखाए पनि गत वर्षको मौज्दात भिडान भएको देखिदैन ।<br>• गत वर्ष मलेपको प्रतिवेदन अनुसार यस वर्षको अ. ल्या. रकममा रू ७२०८०७७७।५५ जिम्मेवारी सार्नु पर्नेमा रू ४७४९४९०३।३७ सारेको जसले गर्दा वास्तविक भन्दा रू २४५८५८७४।१८ घटी जिम्मेवारी सारेको सम्वन्धमा हिसाव पेश हनु पर्दछ ।<br>• लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्रिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदीकिताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• त्यसैले तोकेबमोजिमका वित्तीयविवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरीलेखांकन गर्नुपर्दछ । | |
| ७ | | | **जिम्मेवारी फरकः** स्थानीय तहको संचित कोषमा गत विगतको बांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रू. ७२०८०७७७।५५मौज्दात कायम भएकोमा यो वर्षको शुरूमा रू. ४७४९४९०३।३७ जिम्मेवारी सारी रू. २४५८५८७४।१८ घटी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक देखिएको रकमको हिसाव मिलान | २४,५८५,८७४.१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृत्ती भएको छ । घटी जिम्मेवारी सारेको वास्तविकता पहिचान गरी हिसाव मिलान गर्नु पर्ने रू | |
| ८ | | | **बजेट पेश पारित तथा अख्तियारीः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपध्याक्ष श्री धनमाया स्योाङतानले मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ५६ करोड ३५ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२५ मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन ।कार्यालयवाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिको क्रियाकलाप मितव्यायिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र लागू गर्नुपर्ने व्यावस्था छ ।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै गाउँपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेस्ता र बैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।साथै ठेक्का फाइल समेत अद्यावधिक देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १० | | | **अवण्डा र क्षेत्र गत वजेट**<br>**१ अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू ५० लाख अबण्डा राखेको छ ।बजेट अबण्डमा राखी अध्यक्षको स्वविवेकीय अधिकार प्रयोग गरी विभिन्न योजनामा पटके तोक आदेशका आधारमा खर्च गरेको छ पद्धति वाहिर गएर गरेको वजेट तथा खर्च प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ।<br>**२ क्षेत्रगत वजेटः** गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ५६ करोड ३५ लाख ९६ हजार र खर्च ४५ करोड ४७ लाख ९२ हजारको आधारमा समग्र रूपमा ८०.६९ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । | |

| क स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 1. | आर्थिक विकास | ३१४०००००. | २५४६७९०२.२ | ८१.११ |
| 2. | सामाजिक विकास | २९१२६४०००. | २४८७३६२८१.७६ | ८५.०४ |
| 3. | पूर्वाधार विकास | ११३३९००००. | ७४३३२९६०.७५ | ६५.५६ |
| 4. | सुशासन विकास | ३४५९९०००. | २९३४९६२६. | ८४.८३ |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | ९२९४३०००. | ७६९०५२९३.९९ | ८२.७४ |
| जम्मा रू | | ५६३५९६०००. | ४५४७९२०६४.७ | ८०.६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सःशर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ।यस गाउँपालिकालाई संघीय सरकारबाट रू ३३ करोड ८१ लाख ९६ हजार र प्रदेश सरकारबाट रू ५ करोड १० लाख ४७ हजार गरी जम्मा रू ३८ करोड ९२ लाख ४३ हजार प्राप्त भएकोमा संघीय सरकारको रू २८ करोड ५५ लाख ५८ हजार खर्च भई बाँकी रू ३ करोड २५ लाख ३७ हजार ६ सय ८७ रूपैया र २४ पैसा मात्र र प्रदेश सरकारको रू ३ करोड ७० लाख ११ हजार खर्च भई बाँकी रू १७ लाख ८९ हजार १ सय ७५ संघीय तथा प्रदेश संचित कोषमा फिर्ता भएको देखिन्छ। | |
| १२ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाउँपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन।यस वर्ष गाउँसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ ।एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ । | |
| १३ | | | **योजना छनौट**<br>**१ योजना छनौट र सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा माध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल ३११ योजनाहरू मध्ये २१९ योजना रू | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१ लाख देखि रू ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ ।<br>२ लक्ष्य प्रगतिः गाउँपालिकाले यसवर्ष ३११ र क्रमागत ३ गरी जम्मा ३१४ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को १३ वटा र शुन्य वटा क्रमागत गरी जम्मा १३ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको र क्रमागत शुन्य गरी जम्मा २९३ योजना उपभोक्ता समिति मार्फत भएको छ भने ८ वटा योजना संचालन नै नभएको देखिन्छ। गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन। अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।
<table>
<tr><td rowspan="2">बजेट</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रे चौमासिक</td></tr>
<tr><td>५६३५९६०००.</td><td>४५४७९२०६४.७</td><td>६०४४२२२८.५६</td><td>१२९५०७९२७.२९</td><td>२६४८४१९०८.८५</td><td>१४९४६३३९५.६१</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>८०.६९</td><td>१३.२९</td><td>२८.४८</td><td>५८.२३</td><td>३२.८६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सेवा प्रवाहः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.स</td><td>विवरण</td><td>संख्या</td></tr>
<tr><td>1.</td><td>नागरिकता सिफरिस</td><td>१८२४</td></tr>
<tr><td>2.</td><td>घरबाटो सिफारिस</td><td>४५१</td></tr>
<tr><td>3.</td><td>नाता प्रमाणित</td><td>४४३</td></tr>
<tr><td>4.</td><td>जन्म दर्ता</td><td>१५९२</td></tr>
<tr><td>5.</td><td>मृत्यु दर्ता</td><td>२७२</td></tr>
<tr><td>6.</td><td>घरनक्सा पासको निवेदन</td><td>२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीयतहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षण अवधि सम्म गाउँपालिकामा १०५ जना कर्मचारी कार्यरत देखाएकोमा सो कर्मचारी मध्ये ५२ जना करारमा कार्यरत भएको देखिन्छ । लेखापरीक्षणको क्रममा माग गरेर अनुसार विवरण उपलव्ध नभएकोले कार्यालयको यथार्थ दरवन्दी विवरण यकीन गर्न सकिएन । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ३९ वटा कार्यविधि, ५ वटा निर्देशिका, २ वटा नियमावली, १ वटा आचारसहिंता र १ वटा मापदण्ड निर्माण गरी कार्यान्यनमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ल्याएको छ। साथै गाउँपालिकाले ७१ वटा कानूनहरू निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन्। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। | |
| १८ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ८ गरी कुल १० विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ। | |
| १९ | | | **श्रोत अनुमान**<br>**१ श्रोत अनुमान तथा वजेट सीमा निर्धाणः** आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ७ सदस्यीय श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको पाइयो। समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नु पर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलव्ध गराउनुपर्नेमा गरेको पाइएन ।<br>**२ आन्तरिक आयः** स्थानिय सरकार सञ्चालन ऐन 2074 को दफा 54 अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यवस्था रहेको छ । जस अनुसार यस गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रू ४ करोड ६ लाख २६ हजार १९९ आम्दानी गरेको देखिन्छ । | |

| सि.नं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|
| १ | ३ | ४ | ५ |
| १ | आन्तरीक श्रोत | ३९०५५०००।०० | ३९४१२७१९।५२ |
| २ | एकीकृत सम्पती कर | १००००।०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | भुमिकर/मालपोत | २२५०००।०० | ५०३७१९।६१ |
| ४ | घरवहाल कर | २०००००।०० | १३९८९७।०० |
| ५ | नक्सापास दस्तुर | ५०००००।०० | ० |
| ६ | सिफारिश दस्तुर | ३००००००।०० | ५२१०५०।०० |
| ७ | कृषि तथा पशुजन्य | १००००।०० | ० |
| ८ | अन्य दस्तुर | २५०००।०० | ४३८१३।०० |
| ९ | व्यावसाय कर | ५०००००।०० | ० |
| १० | बहाल विरौटी कर | ५००००।०० | ० |
| | जम्मा रू | ४०५७५०००।०० | ४०६२६१९९।१३ |

प्रस्तावित आय शिर्षकमा ५ शिर्षकमा शुन्य, ३ शिर्षकमा बढी र २ शिर्षकमा घटी आम्दानी भएको देखिन्छ । आगामी वर्ष यस्ता किसिमका राजस्वको अनुमान गर्दा आन्तरीक आय तर्फ विश्लेषण गरी आन्तरीक आय बृद्धि हुने गरी प्रस्ताव पेश गर्नु पर्ने देखिन्छ ।

**३ बडा अनुसार राजस्व संकलनको व्यवस्थाः** पालिकाको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।

| क स | वडा नं | जम्मा |
|---|---|---|
| १ | १ | १९८१६३।०० |
| २ | २ | ३१६२४७।०० |
| ३ | ३ | ८४१२३।०० |
| ४ | ४ | १७०४६९।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५</td><td>५</td><td>४००००।००</td></tr>
<tr><td>६</td><td>६</td><td>१९३३५५।००</td></tr>
<tr><td>७</td><td>७</td><td>७८३९३।००</td></tr>
<tr><td>८</td><td>८</td><td>१२६५३७।००</td></tr>
<tr><td>९</td><td>९</td><td>२०९०७६।६१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४१६३६३।६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>जिन्सी निरीक्षणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक वर्ष कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान तथा वस्तुगत सहायताको रूपमा प्राप्त भएको मालसामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्चको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत र खुलाई जिन्सी मालसामानको श्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छद १३ मा स्थानिय तहको सम्पत्ति संरक्षण सम्वन्धी व्यवस्था गरेको छ। कार्यालयले गाउँपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरूमा रहेका जिन्सी मालवस्तु तथा सम्पत्तिको अभिलेख पालिकाको कार्यालयमा तोकीएको म.ले.प.फारम नं.मा राख्नु पर्नेमा पालिका कार्यालय वडा र विषयगत शाखाहरूको छुट्टा छुट्टै रूपमा राख्ने गरेको देखियो । महालेखा नियन्त्रक कार्यालयको मिति २०७७।७।२६, ०७७।७८, च.नं.३०६ को पत्रबाट सबै सरकारी कार्यालयको सार्वजनिक सम्पत्तिको लेखाङ्कन, प्रतिवेदन, एकीकृत विवरण तयार गर्न संघ, प्रदेश र सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) आ.व.०७७।७८ देखि अनिवार्य रूपमा लागू गर्नुपर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।८।०७, ०७७।७८, च.नं.१५३ को पत्रबाट समेत परिपत्र भएको देखिन्छ। तर गाउँपालिकाले हालसम्म पनि सम्पत्तिको अभिलेख तथा व्यवस्थापनका लागि PAMS को प्रयोग नगरेको कार्यालयबाट जानकारी प्राप्त भएकाले उल्लेखित परिपत्र अनुसार सरकारी सम्पत्ति तथा जिन्सी सामाग्रीहरु PAMS प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>तलबी प्रतिवेदनः निजामती सेवा ऐन २०४९ को दफा ७२ बमोजिम तलबी प्रतिवेदन पारित गरी तलबी प्रतिवेदनमा उल्लेख भएअनुसार ग्रेड रकम खर्च लेख्नुपर्दछ । तर यस पालिकाले कर्मचारीको तलब प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पारित नगरि गाउँ सभाबाट पारित गराएको छ जुन कानुनी व्यवस्था छैन यसरी पालिकाले पालिका कर्मचारि र स्वास्थ्य सेवाका कर्मचारीको तलब र ग्रेड बापत रू १२८९६९५४०।९ खर्च लेखेको छ जसले गर्दा तलब ग्रेड रकम समेतको यकिन गर्न सकिएन । सभाबाट पारित तलबी प्रतिवेदनमा उल्लेख भएअनुसारको ग्रेड रकम कायम हुनुपर्ने प्रमाण कागजात संलग्न समेत राखेको नदेखिएकोले ग्रेड रकम समेत यकिन गर्न सकिएन ।तसर्थ पालिकाले कानुनमा तोकेबमोजिम प्रमाण कागजात संलग्न राखि तोकिए बमोजिम मात्र तलबी प्रतिवेदन पारित गरि खर्च लेख्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेकोमा पालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फस्यौंट नभई बाँकी रहेको तपशिल बमोजिमको पेश्की रकम नियमानुसार असूल फस्यौंट गर्नुपर्ने रू
<table>
<tr><th>क्र.स</th><th>नाम</th><th>चालु वर्षको पेश्की बाँकी</th><th>पेश्की लिनेको प्रकार</th></tr>
<tr><td></td><td>संस्थागत पेश्की</td><td></td><td rowspan="6">संस्थागत पेश्की</td></tr>
<tr><td>१</td><td>वातावरणीय चेतनाको लागि एकिकृत विकाश</td><td>२,४९ ,०००.००</td></tr>
<tr><td>२</td><td>वाई.बि डिजाइनर्स एण्ड डेभल्पर्स प्रा.लि.</td><td>५२,०००.००</td></tr>
<tr><td>३</td><td>सक्सेस डिजाइनर एण्ड डेभ्लपर्स प्रा.लि</td><td>९९,०००.००</td></tr>
<tr><td>४</td><td>इम्बार्क डिजाइनर्स एण्ड डेभलपर्स प्रा.लि.</td><td>१,४७ ,०००.००</td></tr>
<tr><td>५</td><td>अग्नी इन्कर्पोरेटेड प्रा.लि.</td><td>१९,८९ ,४७०.००</td></tr>
</table></td><td>३,४८६,४७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा रू</td><td>२५, ३६ ,४७०.००</td><td></td></tr>
<tr><td colspan="4">उपभोक्ता समिति</td></tr>
<tr><td>१</td><td>फार्सादमार झोलुङ्गे पुल उ.स.</td><td>९,५० ,०००.००</td><td rowspan="2">उपभोक्ता समिति पेश्की</td></tr>
<tr><td></td><td>कूल पेश्की रकम</td><td>३४,८६ ,४७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक तथा सामाजिक सहायता प्रयोजनको लागि विभिन्न विषयमा परेका विभिन्न व्यक्ति एवं संघ संस्थालाई रू. ७ लाख ९० हजार आर्थिक सहायता वितरण गरेको पाइयो यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>विबिध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही मितव्ययी तरिकाले विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विविध शिर्षकमा रू २३ लाख ९५ हजार खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कर विश्लेषण<br><br>१ व्यवसाय करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ ।यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि कर संकलन गरेको छैन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन ।तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।<br>२ मनोरन्जन करः स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ ।यस</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वर्ष गाउँपालिकाले उक्त शिर्षकमा कुनै कर संकलन गरेको छैन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।<br>**३ घर जग्गा बहाल करः** गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू १ लाख ४० हजार कर संकलन गरेको छ । गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।<br>**४ विज्ञापनकरः** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाई असूल गरीने उल्लेख छ । यस वर्ष गाउँपालिकाले उक्त शिर्षकमा कुनै पनि कर संकलन गरेको छैन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन ।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन। तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ। | |
| २६ | | | **बढी भुक्तानी :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को २.५.२ क्रियाकलाप नं २.७.१३.४० मा सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा ९ र १० का लागि कुनै पनि दरबन्दी नभएका गणित अंग्रजी र विज्ञान विषय शिक्षक व्यवस्थवनको लागि शिक्षण सहयोग अनुदान दिने व्यवस्था छ । पालिकाले देवकी मा वि का शिक्षक सुनिता वजगाईको पारिश्रमिक वापत रु ४३२०००। निकासा दिएकोमा निज शिक्षक २०७८।८।२ मा ६ महिनाको लागि नियुक्त भएकोमा एक वर्षकै तलब बराबर सिक्षण सहयोग अनुदान निकासा दिएकोले ६ महिना भन्दा बढी अवधीको उपलब्ध गराएको अनुदान विद्यालयबाट असूल गर्नु पर्ने देखिएको रु | १२८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td>१६१ र १६३</td><td>२०७९-३-१३</td><td>सेनिटरी प्याड : शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को २.५.१० क्रियाकलाप नं २.७.१३.१० अनुसार विद्यालयमार्फत कक्षा ६ देखि १२ सम्म अध्ययनरत सामुदायिक विद्यालयका सबै छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यव्थाको लागि पालिकाले सेनिटरी प्याड खरिद गरी विद्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले रु १७८५९७८।० को ३२८२६५ वटा सेनिटरी प्याड खरिद गरी गो भौ नं १६१ र १६३ मिति २०७९।३।१३ बाट आर वाई ट्रेडर्सलाई भुक्तानी गरेकोमा १२ वटा विद्यालयलाई रु १३९८४६७।० को २५७०४० वटा प्याड २०७९ मंशिर र पुष महिनामा वितरण गरेको र रु ३८७५००।० को ७१२२५ वटा प्याड वितरण गर्न बाँकी रहेकाले ति सेनिटरी प्याड विद्यालयहरुलाई हस्तान्तरण गरेको प्रमाण हुनु पर्ने रु</td><td>३८७,५००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नि :शुल्क पाठ्यपुस्तक : शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को २.५.३ क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ देनि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई सोको आधारमा विद्यार्थी संख्या र पाठ्यपुस्तकको संख्या एकिन गरी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले उपलब्ध गराएको पाठ्यपुस्तक अनुदान IEMIS मा प्रविष्ट तथ्यांक भन्दा बढी विद्यार्थी संख्याको लागि देहाय अनुसार उपलबध गराएको देखिएकोले बढी दिएको रु २३६८३४।० संबन्धित विद्यालयबाट असूल हुनुपर्ने रू
<table>
<tr><th>विद्यालय</th><th>विवरण (IEMIS को बढि संख्या)</th><th>बढि दिएको अनुदान रु</th></tr>
<tr><td>सुर्य मा वि</td><td>कक्षा ४,५ ,७ मा क्रमशः १ , १५ र १६ जना बढी</td><td>१८७७८</td></tr>
<tr><td>वाग्मती मा वि</td><td>कक्षा १,४ , ६ , ७ मा क्रमशः १ , ११ , १ र ६ जना बढी</td><td>१२३९३</td></tr>
<tr><td>देवकी मा वि</td><td>कक्षा ३,४ , ५ , ९ , १० मा क्रमशः ५ , १७ , ५ , २६ र ३ जना बढी</td><td>३६२९२</td></tr>
<tr><td>जनता मा वि</td><td>कक्षा ४,५ ,७ मा क्रमशः १८ , २५ , ६ , ३२ र २ जना बढी</td><td>५३४६६</td></tr>
<tr><td>टंकेश्वर आ वि</td><td>कक्षा ४,मा ४ जना बढी</td><td>२४१६</td></tr>
<tr><td>ज्ञान मन्दिर आ वि</td><td>कक्षा ३,५ ,७ मा क्रमशः ७ , १५ र १५ जना बढी</td><td>२१५२४</td></tr>
</table></td><td>२३६,८३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विष्णु आ वि</td><td>कक्षा १, ३ ,७ ,८ मा क्रमशः ३ ,१ ,१२ र ५ जना बढी</td><td>१५६५७</td></tr>
<tr><td>पञ्चकन्या आ वि</td><td>कक्षा १, ६ ,८ मा क्रमशः ६ ,५ र ८ जना बढी</td><td>१२३२९</td></tr>
<tr><td>गिता आ वि</td><td>कक्षा ५, ७ मा क्रमशः २ र ५ जना बढी</td><td>४५८३</td></tr>
<tr><td>सिता आ वि</td><td>कक्षा ४ मा क्रमशः ७ जना बढी</td><td>४०७४</td></tr>
<tr><td>जनहित आ वि रातोमाटे</td><td>कक्षा २, ३ ,६ ,७ ,८ मा क्रमशः ११ ,३ ,५ ,७ र ५ जना बढी</td><td>२११९२</td></tr>
<tr><td>बनदेवि आ वि</td><td>कक्षा ७, ८ मा क्रमशः ७ र १ जना बढी</td><td>६१६८</td></tr>
<tr><td>चौरा आ वि</td><td>कक्षा ४, ६ ,८ मा क्रमशः ४ ,१२ र १९ जना बढी</td><td>२८०१५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३६८३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>औषधि खरिद : स्वास्थ्य सेवा विभागले जारी गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा खरिद गरिने औषधीको व्याच नम्बर र एक्सपायरी मिति उल्लेख भएको हुनु पर्ने, औषधीको Expiry date कम्तिमा १८ महिना बाँकी रहनु पर्ने उल्लेख छ ।पालिकाले खरिद गरेका देहाय अनुसारका औषधिहरुको विलमा Batch No. र Expiry date खुलाएको देखिएन ।गुणस्तरीय औषधी खरिदको लागि यसतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ।
<table>
<tr><td>गो भौ नं र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१३६।२०७९।२।१७</td><td>२२ प्रकारका</td><td>४८८९३५।०</td></tr>
<tr><td>१४७।२०७९।३।२</td><td>७ प्रकारका</td><td>४३४०००।०</td></tr>
<tr><td>१४९।२०७९।३।२</td><td>१० प्रकारका</td><td>२९०१९८।०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२१३१३३।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पाडापाडी बाखा गाई तथा बंगुर वितरणः गाउँपालिकाले लागत साझेदारीमा पाडापाडी, गाई, बाखा तथा बंगुर प्रवर्द्धनका लागि विभिन्न कृषक समूह सहकारीलाई अनुदान उपलव्ध गराएकोमा पटके निर्णयका आधारमा वितरण गरेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिदको लागत अनुमान, स्पेशिफिकेशन नवनाउँदा खरिद मुल्य पटकै पिच्छे फरक रहेकोले खरीद मितव्ययी छ भन्न सकिने आधार छैन । वितरण गरिएका पाडापाडी, गाई, बाखा तथा बंगुरको स्वास्थ्यका वारेमा पशु चिकित्सकबाट प्रमाणित गराई वितरण गर्नु गराउनु पर्नेमा सो गरेको छैन ।खरीद गरीएका पाडापाडी, गाई, बाखा तथा बंगुरको बिमा पनि गरीएको छैन । विगतमा यस्तै सर्तमा कति कृषकलाई कति पाडापाडी, गाई, बाखा तथा बंगुर वितरण गरिएको थियो यसको कुनै विवरण अद्यावधिक छैन ।जसले गर्दा दोहोरो परे नपरेको यकिन हुन सकेन । यस्तै प्रकारको अनुदान प्रदेश सकरकारबाट पनि वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । तसर्थ नियमित अनुगमन गरी वितरण भएका कृषकलाई कार्ययोजना तयार गरी अभिलेखिकरण गरी दोहोरो नपर्ने गरी अनुदान दिने गर्नु पर्ने देखिन्छ ।कृषक छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई उक्त संस्था तथा कृषक छनौट भए सो खुल्ने आधार केही देखिदैन । वडाबाट खरिद भई सामाग्रीहरू हस्तान्तरण भएको र व्यक्ति तथा संस्था तोकी वडाबाट भुक्तानीको लागि सिफारीस भएको पाइयो । निश्चित कानूनी आधार वेगर छनौटका आधार वेगर अनुदान दिएको उपयूक्त देखिएन । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा परीक्षण गरीएका केही उदाहरण निम्नानुसार देखिएकोले यस वितरण प्रक्रियालाई कार्यालयबाट व्यवस्थित गरी अनुदान दिन व्यवस्था गर्नु पर्दछ ।
<table>
<tr><th>शिर्षक</th><th>गोभौनं र मिति</th><th>पशु विवरण</th><th>खरीद गरीएको फर्म</th><th>रकम</th></tr>
<tr><td>संघिय चालू</td><td>२४७।०७९।३।२४</td><td>वयर बाखा</td><td>वि वि आर एग्रो प्रालि हेटौडा</td><td>६८३८८५।००</td></tr>
<tr><td rowspan="3">गाउँपालिका चालू</td><td>१२३।०७८।८।२९</td><td>बंगुरको पाठा पाठी</td><td>गोले एकीकृत कृषि तथा पशुपंक्षी</td><td>१४६५००।००</td></tr>
<tr><td>१४३।०७८।९।१८</td><td>बंगुरको पाठा पाठी</td><td>पाथिभरा एकीकृत कृषि फार्म</td><td>२०००००।००</td></tr>
<tr><td>५८८।०७९।३।२२</td><td>बंगुरको पाठा पाठी</td><td>पाथिभरा एकीकृत कृषि फार्म</td><td>१७९०००।००</td></tr>
<tr><td colspan="4">जम्मा रू</td><td>१२०९३८५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि आर्थिक विकासमा योगदान पुऱ्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरूलाई रोजगारको अवसर प्रदान गरि उनीहरूको आर्थिक विकासमा सहयोग</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुऱ्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन। तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ। स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ। यस परीयोजना अन्तर्गत ४२७ जनाले रोजगारी पाएको देखिन्छ ।कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना (संञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को परिच्छेद ६(२०) मा स्थानिय तहले वेरोजगार सूचीको विवरण,श्रमिक समुहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले यस आवमा सञ्चालन भएका आयोजनाको सार्वजनिक परीक्षण गराएको देखिएन ।गाउँपालिकाले आयोजना सञ्चालन गर्दा पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्दछ । जसकालागि सार्वजनिक परीक्षण गराउनु पर्दछ । यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा सडक नाला, मोटर बाटो, सिंचाई कूलो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४२७जना लाई रोजगारी उपलव्ध गराई रू ११७९३०६०।४८ खर्च गरेको छ। लक्षित वर्ग लाई औषत दिन ९.८८ देखि ९९.७५ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। बित्तिय प्रगति 45.14 देखि ९९.०६ प्रतिशत सम्म देखाएको छ भने भौतिक प्रगति देखाएको छैन । यस बाट भौतिक कार्य भएको छ भन्ने आधार खुल्दैन। साथै सो को अनुगमन प्रतिवेदन समेत राखेको देखिएन । | |
| ३२ | | | **प्रमाण नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा विल भरपाई र खर्च र कारोवारलाई पुष्टयाई गर्ने प्रमाण कागजात राख्नु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार गरेका खर्चको विल, नापि किताब, कार्यसम्पन्न प्रतवेदन जस्ता कागजात तथा श्रेस्ताहरु पेश नभएको नभएकोले ति प्रमाण कागजातहरु पेश हुनु पर्ने रु | १,८०७,७६० |

| शीर्षक | गो भौ र मिति | खर्च रकम |
|---|---|---|
| गा पा पूँजीगत | ३२।२०७८।९।९ | १४१००००।० |
| संघीय सशर्त चालु | ३००।२०७९।३।२५ | ३९७७६०।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा रू १८०७७६०।० | |
| ३३ | | | **तालिम तथा कार्यशाला गोष्ठी सञ्चालनः** कार्यालयले सीप विकास तालिम तथा स्थानीय कार्यशालाहरू सञ्चालनमा विल भरपाईहरूको आधारमा खर्च गर्ने गरेको पाइन्छ।तालिम सञ्चालनको स्पष्ट कार्ययोजना, सहभागी विवरण, प्रशिक्षण कक्षाको विवरण र कार्यपत्र लगायत तालिम तथा कार्यशाला गोष्ठी सञ्चालनका लागि अत्यावश्यक विवरण समेत समावेश गर्ने गरेको देखिएन।आगामी दिनहरूमा कार्यालयले यस्ता तालिम तथा स्थानीय कार्यशालाहरू सञ्चालन गर्दा स्पष्ट कार्ययोजना सहित तालिम सञ्चालनका अत्यावश्यक विवरण समावेश गरी तालिम तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने र खर्च लेख्ने गर्नुपर्ने देखिन्छ । | |
| ३४ | | | **वातावरणीय प्रभावः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। गाउँपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा वजेट तय गरेको देखिएन।वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन।सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरू पर्दछन्।गाउँपालिकाबाट ढल निर्माणको एकीकृत बहुवर्षे योजना बनाएको देखिएन।सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान सञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन।वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| ३५ | | | **लागत सहभागिताः** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीयतहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ ।तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>शिर्षकगत अभिलेखः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकाशा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता फिर्ता नगरेकोः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ को उपदफा १ मा स्थानिय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार वन्द गर्नुपर्ने र सोही दफाको उपदफा ३ मा भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा वाँकी रकम नेपाल सरकारको संघिय कोषमा दाखिला गर्नु पर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित वैंकमा लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानी गरी बाँकि रकम फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ ।गाउँपालिकाले सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाँकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ। यस सम्बन्धी गाउँपालिकाले यस आर्थिक बर्षमा वैंकबाट फिर्ता गरेको विवरण राखेको देखिएन।निम्न बैंकले यस वर्ष र गत वर्ष बितरण गरेर वाँकी रहेको निम्नानुसारको रकम रू ७९२८७५५।०० फिर्ता गरेको देखिएन । तसर्थ गाउँपालिकाले यथाशिघ्र बैक बाट फिर्ता गरी संचित कोष दाखिला गर्नु पर्ने रू
<table>
<tr><th>बैंकको नाम</th><th>निकासाभएको रकम</th><th>बैंकले लाभग्राहीको खातामा जम्मा</th><th>बाँकी रकम</th><th>गत आवको वाँकी</th><th>जम्मा</th></tr>
<tr><td>सानिमा वैंक लि</td><td>५०२३७१४८।००</td><td>४७२२५००९।००</td><td>३०१२१३९।००</td><td>१९२००।००</td><td>३०३१३३९।००</td></tr>
<tr><td>ज्योति विकास वैंक लि</td><td>५३०३९०३२।००</td><td>४८१४१६१६।००</td><td>४८९७४१६।००</td><td>०</td><td>४८९७४१६।००</td></tr>
<tr><td colspan="5">जम्मा रू</td><td>७९२८७५५।००</td></tr>
</table></td><td>७,९२८,७५५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>सामाजिक सुरक्षाः गाउँपालिका वडाहरूले MIS प्रणाली समयमै Update नगर्ने, पूर्ण विवरण नराख्ने, MIS अभिलेख तथा मुलखाता (ढड्डा) मा समयमै अभिलेख कट्टि नगर्ने गरेको पाईयो । कार्यालयले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक संख्या यकिन गर्नु पर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नु पर्ने, केन्द्रित सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने तर्फ कार्यालयले ध्यान दिन जरूरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत खरीदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट खरिद गर्न सकिने व्यवस्था छैन । लेखापरीक्षणको नमुना परीक्षण गर्ने क्रममा कार्यालयको तपशिल योजनाहरू उपभोक्ता समिति मार्फत काम गर्ने गरि सम्झौता गरी काम सम्पन्न गरिएको देखिन्छ तर लेखापरीक्षणको क्रममा केही उपभोक्ता समितिको बिल भरपाई परिक्षण गर्दा खरीद उपभोक्ता समिति मार्फत खरीद गर्ने गरी फर्मको नाममा भुक्तानी दिएको देखियो। उपभोक्ता समितिलाई खरीद कार्य गर्न दिन नमिल्ने कानूनी व्यवस्था हुँदा हुँदै उपभोक्ता मार्फत सोझै खरीद गरीएकोले सो खरीदको भुक्तानी नियमसंगत नदेखिएको रु
<table>
<tr><th>गो.भौ/मिति</th><th>योजनाको नाम</th><th>उ.स</th><th>रकम</th><th>बिल प्राप्त फर्मको नाम</th></tr>
<tr><td>३९७/२०७९।०३।२३ गाउँपालिका पूँजिगत</td><td>मालूखोला सिंचाईको पाइप खरीद</td><td>पाइप खरीद उ.स</td><td>१६२१६५।०६</td><td>थापा सप्लायर्स हरिहरपुरगढी २ सिन्धुलीको विल पेश भएको</td></tr>
<tr><td>३५७/२०७९।०३।१५ गाउँपालिका पूँजिगत</td><td>भवानीपुर खानेपानीको लागि पाइप खरीद</td><td>पाइप खरीद उ.स</td><td>१४४४८३।००</td><td>सुदिप हाडवेयर एण्ड सप्लायर्स हेटौडा २ को विल पेश भएको</td></tr>
<tr><td>जम्मा रू</td><td></td><td></td><td>३०६६४८।००</td><td></td></tr>
</table></td><td>३०६,६४८.०६</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चः यस गाउँपालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो। योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन। आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रूपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **रित पूर्बकको कर बिजकः** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले रितपूर्कको कर वीजक बेगर देहायका सप्लायर्सबाट मु.अ.कर रू २०३४८२।६ समेत रू १७३६५२४।४५ सामान खरिद गरेको छ।तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर गाउँपालिकाबाट भुक्तानी लिएकोले सो रकम मू.अ.कर समाायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू. | २०३,४८४ |

| शिर्षक | गो.भौ.नं र मिति | फर्मको नाम | विल रकम भ्याट सहित | भ्याट रकम | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका पूँजिगत | ४३०।२०७९।३।२४ | अमृता कन्स्ट्रक्सन एण्ड देवी सप्लायर्स फापरवारी २, मकवानपुर ( ६०३०७६६३३ ) | ९१२७९७।५ | १०५०१२।१ | विजक नम्बर केरमेट गरेर ५२ प्रिन्ट गरेको |
| गाउँपालिका चालू | ३०।२०७८।७।१५ | नारायणी हेभीइक्यूप प्रालि, भरतपुर ( ६०५९५६८०७ ) | ३६४१९।९ | ४१८९।०० | विजक नम्बर हातले लेखेको ०१ |
| | | | ३१६००।४५ | ३६३५।४५ | विजक नम्बर हातले लेखेको ०२ |
| | २५०।२०७८।११।२३ | नेपाल स्टेशनरी तथा जनरल अडर सप्लायर्स, हेटौडा ( ६०३६०७७८१ ) | ३७९६८।०० | ४३६८।०० | विजक नम्बर हातले लेखेको २७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="5"></td><td>४०२।२०७९।१।२६</td><td>गृष्म इन्जिनियरिङ्ग सोलुशन प्रालि ( ६०९७९५७९६ )</td><td>४८५०००।००</td><td>५५७९६।००</td><td>विजक नम्बर हातले लेखेको ०११</td></tr>
<tr><td rowspan="3">५४२।२०७९।३।२१</td><td rowspan="3">सन प्रोभिजनल स्टोर्स १० मकवानपुर</td><td>३१५८३।५</td><td>३६३३।५</td><td>विजक नम्बर केरमेट गरेर ०४२३ प्रिन्ट गरेको</td></tr>
<tr><td>२१६९६।००</td><td>२४९६।००</td><td>विजक नम्बर केरमेट गरेर ०४२० प्रिन्ट गरेको</td></tr>
<tr><td>१४६९०।००</td><td>१६९०।००</td><td>विजक नम्बर केरमेट गरेर ०४२१ प्रिन्ट गरेको</td></tr>
<tr><td>५९९।२०७९।३।२४</td><td>Grishma Engineering Solution Kathmandu 32 (609795796)</td><td>१९७०००।००</td><td>२२६६३।००</td><td>विजक नम्बर हातले लेखेको १५</td></tr>
<tr><td colspan="3">जम्मा रू</td><td>१७३६५२४।४५</td><td>२०३४८२।६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>नन्फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर यस कार्यालयबाट निम्ननुसारको खरीद तथा सेवालिंदा निम्नानुसारको फर्मलई मू.अ.कर रू ११४८४५।९ भुक्तानी दिएकोमा २०७६ देखि २०७८ को बिभिन्न महिना देखि लेखापरीक्षण अवधि सम्म पनि ती फर्महरूले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले सम्वन्धित फर्म बाट असूल गरी दाखिला गर्नु पर्ने रू
<table>
<tr><td>सि. नं .</td><td>ब. उ . शि . नं .</td><td>गौ. भौ . नं . / मिति</td><td>भुक्तानी पाउने फर्म</td><td>विल रकम भ्याट सहित</td><td>मू. अ. कर</td><td>नन्फाइलर भएको मिति</td></tr>
</table>
</td><td>११४,८४५.८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>1.</td><td>गाउँ पालिका पूँजीगत</td><td>४५२।०७९।३।२५</td><td>ओरियन आइटि सोलुसन एण्ड सप्लायर्स हेटौडा ८ ( ६१२५३९३०७ )</td><td>१४९०००।००</td><td>१७१४२।००</td><td>२०७८ ।M।१२</td></tr>
<tr><td>2.</td><td></td><td>४५०।०७९।३।२५</td><td>संकल्प एण्ड विकल्प कंक्रिट ब्लक उद्योग बकैया ( ३०४२३४३२३ )</td><td>२९९९९८।००</td><td>३४५१३।०५</td><td>२०७८ ।M।१०</td></tr>
<tr><td>3.</td><td></td><td>४३७।०७९।३।२४</td><td>संकल्प एण्ड विकल्प कंक्रिट ब्लक उद्योग बकैया ( ३०४२३४३२३ )</td><td>२४९५९८।३७</td><td>२८७१४।८५</td><td>२०७८ ।M।१०</td></tr>
<tr><td>4.</td><td></td><td>३०९।०७९।२।१७</td><td>ओरियन आइटि सोलुसन एण्ड सप्लायर्स हेटौडा ८ ( ६१२५३९३०७ )</td><td>२९९६७६।००</td><td>३४४७६।००</td><td>२०७८ ।M।१२</td></tr>
<tr><td colspan="4">जम्मा रू</td><td>९९८२७२।३७</td><td>११४८४५।९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
मूल्य अभिवृद्धि कर कट्टी र दाखिलाः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा विजकमा उल्लेखित मूल्य अभिवृद्धि करको ३० प्रतिशत कट्टा गरी कार्यालयले संबन्धित फर्मको नाममा कर कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार मूल्य अभिवृद्धि कर कट्टा गरी दाखिला गरेको नदेखिएकोले असूल हुनु पर्ने तथा मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><td>गो भौ र मिति</td><td>फर्मको नाम</td><td>विजक नं र मिति</td><td>भूक्तानी भएको मू अ कर</td><td>कट्टा गर्नुपर्ने मू अ कर</td></tr>
<tr><td>गा पा पूँजीगत</td><td colspan="4"></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>७७,९९४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६।२०७८।८।८ | अमृता कन्सट्रक्सन एण्ड देवी सप्लायर्स | २०७८।७।१ | २१५६० | ६४६८ |
| ३३।२०७८।९।९ | वापु एण्ड सन्स प्रा लि | २६।२०७८।८।२८ | ३२७८७ | ९८३६ |
| ३५।२०७८।९।९ | इलाइट स्टेसन | १९।२०७८।८।२३ | ३६३३३ | १०९०० |
| ५६।२०७८।९।२१ | ज्योति स्टोर्स | १५५।२०७८।९।५ | १३९५५ | ४१८६ |
| ७७।२०७८।१०।७ | राज मोटर्स प्रा लि | ६७३।२०७८।८।२९ | ५७४९९ | १७२४९ |
| ११७।२०७८।१०।२७ | मनकामना स्टिल फर्निचर उद्योग | ३०।२०७८।१०।२३ | २४४४० | ७३३२ |
| संघीय सशर्त चालु | | | | |
| २७।२०७८।८।८ | साठीवारी जनरल ओभरटेक विजनेश | ३५।२०७९।७।२३ | ३१००५ | ९३०१ |
| १४१।२०७९।२।२० | भिमदेवी मेडिसिन सप्लायर्स क्षेत्रपाटी | ३।२०७९।२।१० | २०५९२ | ६१७७ |
| १९०।२०७९।३।१७ | युवा भिजन ट्रेडिङ कन्सर्न | २०७९।३।७ | २१८१६ | ६५४५ |
| जम्मा | | | | ७७९९४ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्शसेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद माग गर्दा प्रतिस्पर्धा नगराई सोभै खरिद गरी रू. १२३२०००।०० खर्च लेखेको छ । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुँजी निर्माण हुने मागमा आधारित आयोजना छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नु पर्नेमा सो गरेको देखिएन। | |

| कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम रू |
|---|---|---|
| डिपि आर | इम्बार्क डिजाईनर्स एण्ड डेभल्पर्स प्रालि | १४७०००।०० |
| ढुङ्ग्रे खोला र ढाले खोलामा निर्माण हुने बेली बृजको डि पि आर | गृष्मा इन्जिनियरिङ्ग सोलूसन प्राली | ४८५०००।०० |
| बागमती गाउँपालिकाको बृत्तचित्र | एस एम एस मिडिया प्रा लि | ३०००००।०० |
| सार्वजनिक सुनुवाई | एस एम एस मिडिया प्रा लि | ३०००००।०० |
| जम्मा रू | | १२३२०००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **सम्परीक्षणः**वागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फस्यौंट गरी सम्परीक्षण गराउने तथा दफा ३६ बमोजिम लगत राखी दफा ३७ बमोजिम फस्यौंट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस वर्ष लेखापरीक्षणको क्रममा गत विगतको बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागी पेश हुन आएन । | |